# धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्धारा प्रकाशित

खण्ड १) मिति २०७७ साल जेष्ठ ७ (संख्या १

## भाग १

## धनकुटा नगरपालिकाको

# राजपत्र प्रकाशन ऐन, २०७६

**प्रस्तावना** :

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम धनकुटा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा

मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित गर्न अनिवार्य भएकाले स्थानीय राजपत्रको प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्याख्या गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण गर्न र विक्री वितरणको प्रबन्ध गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको छैठौं नगर सभाले यो ऐन बनाएको छ ।

## भाग १
## प्रारम्भिक

१. **नाम र प्रारम्भ** : यस ऐनको नाम "धनकुटा नगरपालिकाको राजपत्र प्रकाशन ऐन, २०७६" रहेको छ ।

२. **लागू हुने मिति** : यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

## भाग २
## स्थानीय राजपत्रको भाग र ढाँचा

३. **राजपत्रको भागहरु** : स्थानीय राजपत्रमा प्रकाशनगर्ने विषयवस्तुलाई अनुसूची (१) बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **राजपत्रको ढाँचा** : राजपत्रको ढाँचा अनुसूची (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था** : राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्रको प्रकाशन भएको बर्ष (उदाहरणको लागि २०७६ साललाई १, २०७७ साललाई २) कायम गरी त्यसपछि जति बर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **राजपत्रको संख्या** : (१) राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्ष भरि पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश : संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **राजपत्र प्रकाशनगर्ने सामग्री** : राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग १ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको प्रस्तावना देखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **राजपत्र प्रकाशनगर्ने अख्तियारी** : राजपत्र धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशित हुनेछ । यसरी राजपत्र प्रकाशन गर्दा राजपत्रमा प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बाक्यांश राखी प्रकाशन गरिनेछ ।

# भाग ३
# राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **<u>राजपत्रको प्रकासनको जिम्मेवारी</u> :** (१) राजपत्र प्रकाशन सम्बन्धी कामको लागि जिम्मेवारी कानुन शाखाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको शाखाले स्थानीय राजपत्र प्रकाशन गर्नेछ।

१०. **<u>प्रकाशन पूर्व सम्पादन गर्नु पर्ने</u> :** (१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानुन शाखा वा इकाईबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको राजपत्रको सम्पादित प्रति प्रमाणीकरण गरी प्रकाशन गर्ने शाखा वा इकाईबाट प्रकाशन गरिनेछ।

११. **<u>राजपत्रको अभिलेख व्यवस्थापन</u> : (१)** प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सो पुस्तिकामा प्रकाशनगरिने सामग्रीको सिलसिलेवार संख्या र नाम खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतबाट उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

१२. **<u>निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने</u> :** नगरपालिकाबाट राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निशुल्क रुपमा उपलव्ध गराईनेछ।

(क) नेपाल सरकार,

(ख) संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय,

(ग) प्रदेश सरकार मुख्यमन्त्रीको कार्यालय र संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(घ) जिल्ला समन्वय समिति,

(ङ) नगरपालिकाको सूचना केन्द्र,

(च) नगरपालिकाको विभिन्न शाखा, उपशाखा, ईकाइ र केन्द्रहरु,

(छ) नगरपालिकाका प्रत्येक वडाहरु,

(ज) नगर क्षेत्रभित्रका टोलवस्ती संगठनहरु ।

**१३. वेभ साइटबाट सार्वजनिक गर्नु पर्ने :** नगरपालिकाबाट प्रकाशित राजपत्रलाई नगरपालिकाको वेभ साईटमा छुट्टै (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

**१४. विक्री वितरणको व्यवस्था तथा विक्री मूल्य :** (१) प्रकासित राजपत्र नगरपालिकाको वडाहरु र सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाईमार्फत विक्री वितरण हुनेछ ।

(२) राजपत्रको विक्री मूल्य देहाय बमोजिम हुनेछ ।

(क) बार्षिक सदस्य बनाई विक्री : वडा कार्यालय वा नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा बार्षिक तीनसय रुपैया,

(ख) खुद्रा विक्री : राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थालाई राजपत्रको प्रति पेज एक रुपैया ।

**१५. विक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** राजपत्रको विक्री बापत प्राप्त राजश्व नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ ।

१६. **<u>ऐनको व्याख्या</u>** : यस ऐनको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. **<u>बचाउ</u>** : यो ऐन लागु हुनु भन्दा अगावै नगर सभा वा कार्यपालिकाले पारित गरी लागू गरेको कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ ।

(अनुसूची - १)

# स्थानीय राजपत्रका भागहरु

## भाग - १

नगर सभाबाट पारित ऐन, बजेट, नीति तथा कार्यक्रम र यस्तै प्रकृतिका अन्य दस्तावेजहरु तथा नगर कार्यपालिकाबाट स्वीकृत नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवम् नीतिगत प्रबन्ध एवम् निर्णयहरु ।

## भाग - २

कार्यालयका महत्वपूर्ण सूचना, विज्ञप्ति र अधिकार प्रत्यायोजन सम्बन्धी विषयहरु ।

## भाग - ३

पदपूर्ति समिति सम्बन्धी सूचनाहरु, अधिकृतस्तरका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा र अन्य महत्वपूर्ण नियुक्तिहरु ।

(अनुसूची - २)

## राजपत्रको ढाँचा

(बहुरंगी नेपाल सरकारको निशान छाप अंकित स्वरुप र देवनागरी लिपिमा नगरको नामाङ्कित श्यामश्वेत अक्षर हुनेछ ।)

धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्वारा प्रकाशित

खण्ड .....) मिति................ (संख्या.....

भाग.......

**धनकुटा नगरपालिकाको**

**......................ऐन, २०....**

प्रकाशित गर्ने अधिकारीको नाम
प्रमुख प्रशासकीय अधिकृत

राम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत